नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

साउन/भदौ २०७१ (August 2014) वर्ष १८/अङ्क २०९

## म हुँ भन्ने येशूलाई चिन्नु नै जीवन पाउनु

-डीकन सिमोन पाठक

वचनको सत्यताको ज्ञान नै छैन भने कसरी परिपक्वतातिर बढ्दै जाने ? आत्मिक परिपक्वता वचनको सत्यतामा जिउनुको परिणाम हो। परमेश्वरको वचनको गहिरो अध्ययन र वचनको प्रकाशले आत्मामा बलियो र परिपक्व बन्नलाई मदत मिल्दछ। कुनैपनि मण्डली प्रभावशाली हुनु हो भने हरेक हप्ता पुलपिटबाट प्रचारिने प्रवचनको गुदी ठोस हुनुपर्छ साथै हप्ताको बीचमा हुने संगतिहरूमा वचनको गहिरो अध्ययन हुनुपर्दछ। नेइममा हप्ताको बीचमा हुने घरेलु संगतिहरूमा यूहन्नाको पुस्तकबाट अध्ययन गर्ने निर्णय सँगै पाठबाट हेर्न शुरू भएको छ।

नेइमले ५७ बसन्त पार गर्न लागेको छ। मण्डली वृद्धिसँगै मण्डलीलाई अगुवाइ गर्ने अगुवाहरूको पनि वृद्धि भएको छ। ५७ वर्षको अन्तरालमा अगुवाहरूको धर्मशास्त्र बुझाई र आत्मिकी तहको अन्तराल पनि ठूलो छ। त्यसकारण सबैलाई चित्त बुझ्ने पाठ तयार गर्नु चुनौतिपूर्ण कार्य हो। सबै तहका अगुवाहरूलाई मध्यनजर गरेर घरेलु संगतिको पाठ तयार गरिएको छ। पाठ तयारीमा परमेश्वरबाटको बुद्धि र वचनको प्रकाशको ज्ञानको निम्ति मण्डली परिवारको प्रार्थना अपरिहार्य छ।

**यूहन्नाको पुस्तकलाई समग्रमा हेर्दा:** यूहन्नाको पुस्तकका लेखक येशूले अति नै प्रेम गर्नुहुने चेला यूहन्ना हुन्। उनले यो पत्र इ.सं. ७० देखि ९० को बीचमा एफिससबाट लेखेका थिए। मत्ती, मर्कूस, लूकाको सुसमाचार लेखिएको धेरै समयपछि मानिसहरूमा एउटा प्रश्न उठ्न थाल्यो। के परमेश्वर मानिस बन्न सक्नुहुन्छ ? परमेश्वर असल हुनुहुन्छ तर मानिस खराब छ। तब कसरी असल परमेश्वर खराब मानिस बन्न सक्नुहुन्छ ? यसरी मानिसहरूले येशू परमेश्वर हुनुहुन्छ भन्ने कुरामा नै शंका गर्न थाले। यही शंकालाई हटाउन र येशू परमेश्वर भएर पनि मानिस बन्नुभयो भन्ने सत्यतालाई बुझाउन यूहन्नाले यो सुसमाचारको पुस्तक लेखेका हुन्।
यूहन्नाको पुस्तकलाई विशेष गरी दुई खण्डमा विभाजित गरेर अध्ययन गर्न सकिन्छ। पहिलो भागमा येशूको सार्वजनिक वा बाहिरि सेवकाइलाई जोड दिएको पाइन्छ (१-१२ अध्यायसम्म)। दोस्रो भागमा येशूको व्यक्तिगत सेवकाइलाई जोड् दिएको पाइन्छ (१३-२१ अध्यायसम्म)। "...तिमीहरुले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरुलाई जीवन प्राप्त होस्" भन्ने यो पुस्तकको मुख्य उद्देश्य हो (यूहन्ना २०:३०, ३१)। यूहन्नाले येशूलाई 'वचन' शब्दद्वारा वर्णन गरेका छन् (यूहन्ना १:१)। त्यही वचन नै देहधारी हुनुभयो जो येशू ख्रीष्ट हुनुहुन्छ (यूहन्ना १:१४)। उहाँ नै परमेश्वर हुनुहुन्छ। उहाँ बाहेक अरू कुनै परमेश्वर छैन भन्ने कुरालाई बुझाउनु नै उनको मुख्य उद्देश्य हो।

यूहन्नाको सुसमाचारमा अन्ठानब्बे (९८) पटकभन्दा बढी 'विश्वास' शब्द उल्लेख गरेको पाइन्छ। यो पुस्तकको मुख्य शब्द 'विश्वास' नै हो। विश्वासको निम्ति प्रयोग गरिएको ग्रीक शब्द 'पिष्ट्यूओ' (Pisteuo) हो। यो शब्द प्रायजसो वर्तमान कालमा प्रयोग गरिएको छ। यूहन्नाले येशूमा विश्वास गर्ने र उहाँमा भरोसा गर्ने कुरालाई क्रियाशिल र निरन्तर हुनुपर्छ भन्ने कुरामा जोड् दिएका छन्। उनले यस पुस्तकमा येशूको मृत्यु र पुनरूत्थानलाई सुसमाचारको केन्द्र बनाएका छन्।

**सात आश्चर्यकर्महरू:** येशू पृथ्वीमा हुनुहुँदा धेरै संख्यामा चिन्ह र आश्चर्यकर्महरु गर्नुभयो (यूहन्ना २०:३०, २१:२५)। उहाँले प्रत्येक आश्चर्यकर्मको पछाडि केही न केही सन्देश वा उहाँ को हुनुहुन्छ सो प्रकट गर्नुभएको छ। पाँच हजारलाई खुवाउनुभएपछि जीवनको रोटी म नै हुँ भनी बुझाउनुभयो (यूहन्ना ६:११-१३, ३५)। जन्मैदेखिको अन्धोलाई दृष्टि दिनुभएपछि आत्मिक अन्धोपनको विषयमा शिक्षा दिनुभयो (यूहन्ना ९:६-७, ३५-४१)। पुनरुत्थान र जीवन म नै हुँ भन्ने शिक्षा दिनुभएपछि लाजरसलाई मृत्युबाट जीवित पार्नुभयो (यूहन्ना ११:२५-२६, ४३-४४)।
यूहन्नाले येशूले गर्नुभएका सातवटा आश्चर्यकर्महरु अथवा चिन्हहरू यस पुस्तकमा उल्लेख गरेका छन् (यूहन्ना २:१-१२:५०)। यी सबै चिन्हहरूद्वारा उहाँ मसीह, परमेश्वरको पुत्र ख्रीष्ट हुनुहुन्छ भनी उहाँको ईश्वरत्वलाई बुझाइएको छ। यूहन्नाको पत्रमा उल्लेख भएका **सात विशेष आश्चर्यकर्महरू:** पानीलाई दाखमद्यमा परिणत गर्नुभएको, उच्च अधिकारीको छोरा निको पारिएको, पक्षघाती निको पारिएको, पाँच हजारलाई खुवाउनुभएको, पानीमाथि हिँडनुभएको, जन्मैदेखिको अन्धो मानिस निको पारिएको, लाजरसलाई मृतकबाट बौरी उठाउनुभएको।

येशूले गर्नुभएका सातवटा आश्चर्यकर्महरूद्वारा पितामा भएको महिमा पुत्रमा प्रकट गरिएको छ। पुत्र ईश्वरत्वको एक व्यक्ति हुनुहुन्छ। उहाँ परमेश्वर नै हुनुहुन्छ। उहाँमा विश्वास गर्नेहरूले धोका खाने छैनन् तर जीवन पाउनेछन् भनी बुझाउनको निम्ति यूहन्नाले येशूले गर्नुभएका अनगन्ती आश्चर्यकर्महरू मध्येबाट सातवटा आश्चर्य कर्महरूलाई आफ्नो लेखमा उल्लेख गरेका छन्।

**सातवटा "म हुँ" वाक्यांशहरू:** यूहन्नाको पुस्तकमा सात पटक "म हुँ" भन्ने वाक्यांशहरू उल्लेख गरिएको छ। येशू नै परमेश्वर हुनुहुन्छ भन्ने कुरालाई उहाँले बोल्नुभएका "म हुँ" भन्ने वाक्यांशहरूद्वारा प्रष्ट पारिएको छ। यूहन्नाको पुस्तकमा उल्लेख गरिएका **सातवटा "म हुँ" भन्ने वाक्यांशहरू:** जीवनको रोटी म हुँ (यूहन्ना ६:३५), म संसारको ज्योति हुँ (यूहन्ना ८:१२), ढोका म नै हुँ (यूहन्ना १०:७-९), म असल गोठालो हुँ (यूहन्ना १०:११), पुनरूत्थान र जीवन म नै हुँ (यूहन्ना ११:२५), बाटो, सत्य र जीवन म नै हुँ (यूहन्ना १४:६), साँचो दाखको बोट म हुँ (यूहन्ना १५:१, ५)।

येशूले भन्नुभएको "म हुँ" वाक्यांशहरू र प्रस्थान ३:१४, प्रकाश १:४, ८ र प्रकाश २२:१३ पदहरूलाई दाँजेर अध्ययन गर्दा मोशालाई "म हुँ" भन्नुहुने यहोवे परमेश्वर र येशू समान हुनुहुन्छ। येशूले भन्नुभयो "पिता र म एक हौं" (यूहन्ना १०:३०)। यदि कसैले येशूलाई पिताभन्दा दोस्रो दर्जामा राखेर शिक्षा दिन्छ र उहाँको आज्ञाहरू तोड्छ भने तिनीहरूले अनन्त जीवनको सट्टा अनन्त दण्ड पाउनेछन् (यूहन्ना ३:३६)। हामीले पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरलाई ठूलो र सानो गरेर दर्जाको श्रेणीमा राख्न मिल्दैन। हामी सबै यूहन्नाको पुस्तक अध्ययन गरौं र "म हुँ" भन्ने येशूलाई गहिरोसँग चिन्दै र उहाँको महिमा गर्दै ख्रीष्टियन जीवन बिताऔं।

(सन्दर्भ सामग्री: यूहन्ना सम्बन्धी लेखिएका विभिन्न पुस्तक-पुस्तिकाहरू)

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| **साउन २४** August 9 | पा. रोबर्ट कार्थक<br>पा. सामुएल कार्थक | डीकन<br>मान बहादुर मगर | पाष्टर<br>अशोक मुखिया | श्री<br>पावल हेगेन | पाष्टर<br>दफ्तन सादा | डीकन<br>रुद्र राई | एल्डर<br>ग्रेस खालिङ |
| **साउन ३१** August 16 | पाष्टर<br>प्रेम श्रेष्ठ | डीकन<br>राजु तामाङ्ग | श्री<br>राजु राई | एल्डर<br>जनकलाल श्रेष्ठ | एल्डर<br>श्रीलक्ष्मी सैंजु | श्री<br>श्रीराम सुर्खेती | डीकन<br>घनश्याम दाहाल |
| **भदौ ७** August 23 | एल्डर<br>दिनेश न्यौपाने | पाष्टर<br>अशोक मुखिया | डीकन<br>सुरेश पुर्कोटी | पाष्टर<br>रोबर्ट कार्थक | श्रीमती<br>गंगा श्रेष्ठ | डीकन<br>घनश्याम दाहाल | संयुक्त सेवा<br>ललितपुर चर्च |
| **भदौ १४** August 30 | डीकन<br>घनश्याम दाहाल | श्री<br>सरुषमान तामाङ्ग | एल्डर<br>शामुएल क्षेत्री | एल्डर<br>छयोगेन रोंगोंग | एल्डर<br>रूबेन श्रेष्ठ | एल्डर<br>सिमोन खालिङ | श्री<br>दानिएल घले |
| **भदौ २१** September 6 | पा. सामुएल कार्थक<br>पा. रोबर्ट कार्थक | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पा. राजेन्द्र कु. रोंगोंग<br>पा. बी. बी. खवास | डीकन<br>घनश्याम दाहाल | पाष्टर<br>रोल्याण्ड रोंगोंग | श्री<br>स्टिफन राई |

# हार्दिक बधाई



असार २३ गते/जुलाई ७ तारिख सोमबार नेइम गोगबु चर्चको सदस्यहरू श्री **अनुप ढुङ्गेल** र सुश्री **प्रिती लामा**को नेइम गोगबु चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान/श्रीमती **अनुप र प्रिती ढुङ्गेल**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असार २९ गते/जुलाई १३ तारिख आइतबार नेइम ललितपुर चर्चको सदस्य सुश्री **सदिक्षा बजगाईं** र नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री **पारस श्रेष्ठ**को नेइम ललितपुर मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान/श्रीमती **पारस र सदिक्षा श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०१४ जुलाईमा साउथ एशिया रिजनको क्यम्बोडियामा नेपाल वल्डभिजनको उत्कृष्ट चाइल्ड प्रोटेक्शन प्रेजेन्टेशनमा नेइम ललितपुर मण्डलीकी सदस्य श्रीमती अर्पणा मरियन रोंगोंगलाई कदरपत्रद्वारा सम्मानित गरिएकोमा मण्डलीको तर्फबाट उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछौं ।



असार १७/जुलाई १ तारिख नेइम ललितपुर मण्डलीको सदस्य श्री फिलिप श्याम रञ्जित LIAO NING MEDICAL UNIVERSITY, CHINA बाट MASTER'S DEGREE IN INTERNAL MEDICINE को पद्वीबाट दीक्षित हुनुभएकोमा मण्डलीको तर्फबाट उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछौं ।

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान १०:३० बजे<br>बिहान ९:०० बजे भैंसेपाटी | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, धापासी र साँखु |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, सिर्जनानगर (बिहान ७:३०, ९:३० र ११:३० बजे) |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल, साँखु |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा, भैंसेपाटी |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, गोंगबू, सिर्जनानगर भक्तपुर, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |

| प्रार्थना सभा | बार | समय | स्थान | |
|---|---|---|---|---|
| | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन | बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | |
| | सोमबार | बिहान ६:०० बजे | जोरपाटी, नाइलेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर | |
| | मंगलबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, धापासी, बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), पिंगलास्थान, ताहाचल | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैंसेपाटी, कमलाक्षी, ताहाचल, बाँसघारी पतलीसडक | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ | |
| | शुक्रबार | बिहान ६:०० बजे | ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, गाम्छा, सुन्दरीजल, ठिमी-नगदेश | दिउँसो ३:०० बजे पनौती |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | साँखु | गोंगबूँ | धापासी | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|
| **साउन २४** August 9 | पा. महेश थांजु ए. गोपी राई | एल्डर अष्ट श्रेष्ठ | पाष्टर महेश थांजु | एल्डर जमान घलान | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | श्री जय सिंह |
| **साउन ३१** August 16 | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | पाष्टर अशोक मुखिया | एल्डर छोदेन कार्थक | श्रीमती शान्ति तामाङ्ग |
| **भदौ ७** August 23 | पा. महेश थांजु ए. गोपी राइ | श्री राज गुरुङ्ग | एल्डर दानिएल सापकोटा | एल्डर जमान घलान | पाष्टर महेश थांजु | एल्डर बी. एन. पण्डित | पाष्टर प्रेम श्रेष्ठ | श्री सुरेन्द्र सापकोटा |
| **भदौ १४** August 30 | पा. महेश थांजु श्री राज गुरुङ्ग | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | पाष्टर महेश थांजु | एल्डर सागर थापा | डीकन सिमोन पाठक | डीकन अर्जुन ढकाल | डीकन बेन्जामिन तामाङ्ग |
| **भदौ २१** September 6 | पा. महेश थांजु ए. गोपी राइ | पाष्टर महेश थांजु | श्री राज गुरुङ्ग | श्री अमृत लामा | एल्डर जमान घलान | पाष्टर एल. पी. न्यौपाने | पाष्टर बर्णबास श्रेष्ठ | संयुक्त सेवा गोंगबूँ चर्च |

## जानकारी



थली बस्नुहुने, नेइम जोरपाटी मण्डलीको सदस्य श्रीमती डोमा शेर्पा ७८ वर्षको उमेरमा साउन १२ गते/जुलाई २८ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।

नेइम नमूना प्रार्थना घर भोटेबहालको सदस्य श्रीमती इन्दु थापा ४५ वर्षको उमेरमा साउन ११ गते/जुलाई २७ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।

साउन ३ गते/जुलाई १९ तारिख शनिबार नेइम गोंगबूँ मण्डलीका २६ सदस्यहरूले समर्पण गर्नुभयो ।

### नेइम युवा क्याम्प

साउन २४-२६ गते/अगष्ट ९-११ तारिख शनिबार-सोमबारसम्म नेइमका सबै युवाहरूको निम्ति संयुक्त युवा क्याम्प नेइम ज्ञानेश्वर चर्चमा दिउँसो ३ बजे देखि राखिएको जानकारी गराउँदछौं ।

## मिशनेरीहरुको लागि प्रार्थना

मिशनेरी श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदिप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), श्री लोक गुरूङ्ग र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी भारत) पाष्टर तिमोथी थापा र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर) र पाष्टर अब्राहाम श्रेष्ठ र श्रीमती केट श्रेष्ठ परिवार (बेलायत) उहाँहरूको सेवकाई र मण्डलीको लागि साथै विभिन्न देश, विदेशमा रहेर मण्डलीहरूमा सेवकाई पुऱ्याइ राख्नुभएकाहरूका लागि प्रार्थना गरिदिऔं ।

## विषेश अनुरोध

१) मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा-संगतिहरूमा सेवा शुरू हुन अघि नै समयमै आउनुहुन मण्डली परिवार सबैलाई विशेष अनुरोध गर्दछौं ।

२) मण्डली भवनभित्र प्रवेश गर्नुभएपछि वा अगावै आफ्नो मोबाइलको स्वीच बन्द वा साइलेन्टमा राखिदिनुहुन विशेष अनुरोध गर्दछौं ।

३) आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ, पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ताबीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजाने गरौं । जसको फलस्वरुप मण्डलीमा आउनुभएका नयाँ दाजुभाइ दिदीबहिनीहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

४) दशांश दिनुहुँदा मण्डलीले तयार गरेको खाम प्रयोग गर्नुहुन साथै खाममा आफ्नो नाउँ, ठेगाना, घरेलु संगति र तपाईंको दशांश नम्बर सफासँग बुझ्ने अक्षरमा अनिवार्य लेख्नुहुन अनुरोध गर्दछौं । यदि तपाईंले अन्य भेटी जस्तैः निर्माण, सुसमाचार, सहायता, छात्रवृत्ति, प्रतिष्ठान कोषमा भेटी दिन चाहनुभएमा सो कोषमा चिन्ह लगाउनुहुन पनि अनुरोध गर्दछौं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार Sunday** | १८ 3<br>अगुवाको स्थानमा रहनुभएकाहरू उदाहरण भएर परमेश्वरको प्रेममा उहाँको बगाललाई हेरचाह गर्न र परमेश्वरमा डोऱ्याउन सकून् ।<br>१ पत्रुस ५:१-४ | २५ 10<br>संसारका सबै मानिसहरूले येशू खीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी विश्वास गर्न सकून् ।<br>यूहन्ना ८:१२, १७:३ | १ भदौ 17<br>सम्पूर्ण विश्वासीहरूको जीवनमा प्रार्थना, सुसमाचार प्रचार, वचन पढाइ, प्रशंसा कहिले पनि नरोकेको होस् ।<br>प्रेरित २:४२-४७ | ८ 24<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>२ कोरिन्थी २:१४-१७ | १५ 31<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ |
| **सोमबार Monday** | १९ 4<br>नेपालको विभिन्न कारागारमा भइरहेको सेवा संगतिहरूद्वारा अझ धेरैले येशू प्रभुलाई चिन्न सकून् ।<br>यशैया ६१:१-३ | २६ 11<br>नेइम परिषदका सबै गुरुजनहरूको सेवकाई, परिवार, काम, व्यवसाय, स्वास्थ्य सम्पूर्ण कुराहरूको लागि आशिष मागिदिऔं ।<br>भजनसंग्रह २३:१-६ | २ 18<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>प्रकश ३:१५-१६ | ९ 25<br>परमेश्वर प्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-७, ११ | १६ September 1<br>विश्वासी परिवारकाहरू सधैं प्रभुको प्रेममा रही अरुहरूको निम्ति आशिषित बन्न सकून् ।<br>रोमी १५:१-३ |
| **मंगलबार Tuesday** | २० 5<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित भएर सेवकाई गर्न सकून् ।<br>एफिसी ६:६-७ | २७ 12<br>येशू प्रभुलाई विश्वास गरी मण्डलीमा आउनुभएकाहरूलाई प्रभुमा डोऱ्याउने काममा सबै विश्वासीहरू बोझसहित लागिपर्न सकौं ।<br>१ कोरिन्थी १५:५८ | ३ 19<br>मण्डलीमा भइरहेको आत्मिकी सभाको लागि प्रार्थना गरौं ।<br>मत्ती ११:२८-२९, यूहन्ना ७:३७-३८ | १० 26<br>चाडपर्वको समयमा अधुरा घर परिवारमा भएका विश्वासीहरू सबै परिस्थितिमा आफ्नो विश्वासमा स्थिर र अटल रहन सकून् ।<br>यूहन्ना १६:३३, हिब्रू ४:१५-१६ | १७ 2<br>मण्डली आत्मामा, गुणमा, संख्यामा साथै अरू सबै क्षेत्रहरूमा अझै अघि बढेर जान सकौं ।<br>२ पत्रुस १:१-११ |
| **बुधबार Wednesday** | २१ 6<br>घरेलु संगतिका सबै अगुवाहरू आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>१ थेसोलोनिकी १:२-३ | २८ 13<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूका हृदयको आँखा खोलिदिऊन् ।<br>प्रेरित १६:१४-१५, ३१ | ४ 20<br>मण्डलीका सबै विश्वासीहरू सँधै प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>मत्ती २५:१-१३ | ११ 27<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>तीतस ३:१-८ | १८ 3<br>मण्डलीका विश्वासीहरू सधैं प्रेममा रही परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ पत्रुस ४:८-११, २ यूहन्ना १:६ |
| **बिहीबार Thursday** | २२ 7<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिक जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष मागिदिऔं ।<br>मर्कूस १०:१३-१६, लूका २:४०, ५२ | २९ 14<br>मण्डलीमा प्रार्थनाको लागि आउनुहुने रोगी बिरामी, भुत आत्मा लागेका, चिन्ताफिक्री साथै विभिन्न बन्धनले पिडित भएकाहरूको लागि प्रार्थना गरिदिऔं।<br>मर्कूश १६:१६-१८, यूहन्ना १४:१२-१४ | ५ 21<br>विवाह बन्धनमा बाँधिएका सबै दम्पत्तिहरू आशिषित भएर जिउनका लागि प्रार्थना गरिदिऔं ।<br>उतपत्ति १:२७-२८, भजन १:१-३ | १२ 28<br>मण्डलीका सबै बा, दाजु-भाइहरू परमेश्वरको प्रेममा रही घर परिवार, मण्डली र समाजमा आशिषको कारण हुन सकून् ।<br>हितोपदेश १४:२५-२७ | १९ 4<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>यूहन्ना १७:६-१७ |
| **शुक्रबार Friday** | २३ 8<br>वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाइ र अभिषेक मागिदिऔं ।<br>१ कोरिन्थी २:४-५, १२-१३ | ३० 15<br>प्रत्येक शनिबारको आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचन अनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>भजनसंग्रह ८५:८, ८६:११ | ६ 22<br>मण्डलीलाई प्रशस्त आशिषमा डोऱ्याउनुहुने साथै आशिषको कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई नै सबै महिमा होस् ।<br>भजनसंग्रह १४७:१-२० | १३ 29<br>हामी कोही पनि रीतिविधिको रूपमा मात्र सेवामा सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकौं ।<br>१ पत्रुस २:१-५ | २० 5<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १५:१०, ३ यूहन्ना ६ |
| **शनिबार Saturday** | २४ 9<br>आजबाट सुरु हुने नेइम युवा क्याम्पमा वचनको सेवकाई गर्नुहुने, आराधनाको अगुवाई गर्नुहुने, सहभागीहरू साथै अन्य सबै विषयका लागि प्रार्थना गरिदिऔं ।<br>प्रेरित १:८ | ३१ 16<br>उपवास प्रार्थनामा चढाइएको प्रार्थनाद्वारा सबै क्षेत्रमा अझ आशिषित हुन सकून् ।<br>मत्ती ७:७-११ | ७ 23<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू खीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>प्रेरित १६:३१, लूका १:३७ | १४ 30<br>परमप्रभु परमेश्वरले यो वर्षभरि मण्डलीलाई साथै मण्डली बाहिरको क्षेत्रमा पनि दिनुभएको प्रशस्त आशिषको लागि उहाँलाई महिमा दिऔं ।<br>भजनसंग्रह ५०:२३ | २१ 6<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा, बाइबल अध्ययन आदि सेवा संगतिहरूमा मण्डलीले यथासक्य भागलिन सकून् ।<br>हिब्रू १०:२३-२६ |

**जसको मन तपाईंमा अडिएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ। सदासर्वदा परमप्रभुमा भरोसा राख, किनभने परमप्रभु, परमप्रभु नै सनातनका चट्टान हुनुहुन्छ ।**

**यशैया २६:३-४**